Page No.:
Date :

आज मिति २०७६ साल बैशाष २५ गते बुधबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष **श्री विश्वनाथ निरौला**ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | |
| उपाध्यक्ष | पुष्पकला भुजेल | |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | |
| सदस्य | सन्तवीर तामाङ | |
| सदस्य | राजेशकुमार राजभण्डारी | |
| सदस्य | नैनकुमार राई | |
| सदस्य | दिलबहादुर राई | |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | छिरिङलमु तामाङ | |
| सदस्य | चमेली विश्वकर्मा | |
| सदस्य | लक्ष्मी वि.क. | |
| सदस्य | खड्ग बहादुर राई (नाछिरिङ) | |
| सदस्य | देवीचरण रम्तेल | |
| सचिव | जीवन निरौला | |

Page No.:
Date :

निर्णयहरू :

१. योजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) शीर्षक बाट आर्थिक सहायता तथा निर्माण सहायता सम्बन्धमा ।

यस शीर्षकबाट देहायबमोजिम संघसंस्था का लागि देहायबमोजिम आर्थिक सहायता प्रदान गर्ने ।

क). इ.प्र.का रेतेनुखर्क प्रतिक्षालय निर्माण - रु ५० हजार (बजेट थप)

ख) नेलिज युथ कम्युनिटी धरान सुनसरी रु १ लाख ५० हजार (रेतेनुखर्क लाईभ कन्सर्ट सहयोगार्थ)

ग) श्री माध्यमिक विद्यालय मभुवा बास्बोट लभ्याङ रु ५१११।– (प्राविधिक शिक्षालय संचालनार्थ)

घ) श्री जनहित प्रा.वि. रखवाङदेन . रु १५०,०००।– शौचालय निर्माण (२ कोठे)

ङ) पालिकास्तरीय खेलमैदान निर्माण रु. १,६०,००० (रुनपुरे कोष बाट व्यहोर्ने)

२. कृषि शाखा तथा पशु शाखाको कार्यक्रम संशोधन एवं बजेट स्वीकृति सम्बन्धमा ।

क) कृषि शाखाको चालु आ.व. २०७५/७६ को कार्यक्रम अन्तर्गत " जनप्रतिनिधि तथा कर्मचारी-को लागि नेपालको संविधान एवं स्थानीय

Page No.:
Date :

१०
२

रु ५०,००० निर्णय भएकोमा सो रकम उक्त कार्यक्रमका लागि अपुग देखिएकाले "स्थानीय तहमा कृषि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि निर्माण" शीर्षकको रु ५०,००० एवं "पालिका-स्तरीय तथा वडास्तरीय विकास समितिको बैठक" शीर्षक अन्तर्गतको १८५०००/- मध्येबाट रु ३०,००० गरी कुल रु १,३०,०००/- कायम गरी कार्यक्रम स्वीकृत गर्ने ।

ख) पालिका स्तरीय तथा वडास्तरीय कृषि विकास समितीको बैठक शीर्षक अन्तर्गत बाँकी रहेको (कायम भएको) बजेट रु १,५५०००/- बाट रु १००,०००/- कृषि उपज प्राङ्गारिक (अर्गानिक) प्रमाणीकरणका लागि सृजनशील भरिया समाज रेसुङ्गा-१ शखावाङदेल लाई प्रगतिका आधारमा अनुदान सहायता गर्ने ।

३. वैकल्पिक ऊर्जा सम्बन्धी सशर्त अनुदानका कार्यक्रम संशोधन सम्बन्धमा ।

वैकल्पिक ऊर्जा सम्बन्धी चालु आ.व. २०७५-७६ का सशर्त अनुदानका कार्यक्रमहरू: सौर्य प्रविधि जडान, सुधारिएको चुलो कार्यक्रम, तथा लघु जलविद्युत तथा साना जलविद्युत आयोजना कार्यक्रम हरुको बजेटलाई एकीकृत गर्ने र उक्त एकीकृत बजेटबाट रेसुङ्गाको बजार क्षेत्र एवं अन्य आवश्यकीय स्थानमा सौर्य सडकबत्ती नियमानुसार खरिद गरी जडान गर्ने ।

सौर्य थप बजेट निकाय एक सहायताका लागि वैकल्पिक

निर्णय नं. ४: नयाँ कार्यविधि पारित गर्ने सम्बन्धमा
ऐसेलुखर्क गाउँपालिका शिक्षा कार्यविधि २०७४ खारेज गरी "ऐसेलुखर्क गाउँपालिका शिक्षा कार्यविधि २०७६" पारित गरी लागु गर्ने।

निर्णय नं. ५: विद्यालयमा मोबाइल प्रयोग सम्बन्धमा
गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयमा "एक विद्यालय - एक मोबाइल" कार्यक्रम लागु गर्ने, मोबाइल रु ३००० बराबरको खरिद गर्दा ५०% रकम विद्यालय स्वयंले व्यहोर्नुपर्ने, मोबाइल सीम ~~[illegible]~~ गाउँकार्यपालिकाको कार्यालयले उपलब्ध गराउने। यसपछि ~~[illegible]~~ विद्यालयमा ~~कार्यालय~~ ~~सबै~~ समयमा व्यक्तिगत मोबाइल प्रयोगमा निषेध गर्ने, अन्यथा कारवाही गरिने।

निर्णय नं. ६: निर्णय अनुमोदन सम्बन्धमा।
गाउँ शिक्षा समितिको मिति २०७६/१/२२ का निर्णयहरू अनुमोदन गर्ने।

निर्णय नं. ७: प्रोत्साहन भत्ता सम्बन्धमा।
कार्यालयमा कार्यरत तपसीलका कर्मचारीलाई निजहरूको कार्यबोझ एवं कार्यचापको आधारमा चालु आ.व. २०७५/७६ को अन्तिम चौमासिक अवधिका लागि मासिक तलबको थप ५०% रकम ~~कार्यालयको~~ प्रोत्साहन भत्ता सम्बन्धित शीर्षकबाट उपलब्ध गराउने।

३. लेखा सहायक (१ जना)
४. योजना/प्रशासन शाखा कम्प्युटर अपरेटर (१ जना)

निर्णय नं. ७ : निर्णय संशोधन सम्बन्धमा

कार्यपालिकाको मिति २०७६ वैशाख १३ को निर्णय नं. ३ मा उल्लेखित सडक निर्माण समिति-लाई दिइने निर्णय भएको रु ४ लाख लाई संशोधन गरी रु ७ लाख कायम गर्ने र संशोधित बजेट रकम पुँजीगत विविध शीर्षक-बाट नै व्यय हुने ।

निर्णय नं. ८ : नीति तथा कार्यक्रम तयारी सम्बन्धमा

गाउँपालिकाको आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रमका लागि विभिन्न विषयगत समितिका संयोजक ज्यूहरूले आआफ्नो बैठक बसी मिति २०७६ जेठ १० सम्म प्रतिवेदन अध्यक्ष-ज्यूलाई पेश गर्ने ।

निर्णय नं. ९ : बजेट माग सम्बन्धमा :

यस गाउँपालिका क्षेत्रभित्र निम्न योजना-हरू निर्माणका लागि संघीय तथा प्रदेश सरकार-समक्ष आ.व. २०७६/७७ को वार्षिक बजेटमा विनियोजनका लागि माग गर्ने ।

प्रदेश सरकारसमक्ष :

१. सेतेनुवके - माझपा - रावाखोला - जालपा - हलुङ सडक स्तरोन्नति एवं कालोपत्र

३. कृषि उपज संकलन केन्द्र भवन निर्माण।

संघीय सरकार समक्ष :

१. ऐसेलुखर्क - सोलु (पञ्चन) सडक निर्माण
२. गाउँपालिकाको प्रशासनिक भवन निर्माण
३. केन्द्रीय विद्युतलाइन विस्तार

उल्लेखित निर्णयहरू सहित आजको बैठक अन्त्य गरियो।